# प्रभु येशूका उखानहरू - बाइबल अध्ययन उत्तरपुस्तिका, भाग - १

आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू "प्रभु येशूका उखानहरू" अध्ययन पुस्तिकाबाट आफ्नो सुविधा अनुसार डाउनलोड गरीकन ईमेल वा हुलाको माध्यमद्वारा प्रेशित गर्नसक्नु हुनेछ।

## परमेश्वरले तपाईंलाई बोलाइरहनुभएको छ।

एसिया महादेशको पश्चिम भागमा सिरीया र मिश्रदेशको ठीक बीचमा इस्राएल भन्ने सानो एउटा देश छ, जसलाई संसारको केन्द्र भन्न सकिन्छ; किनभने त्यस देशमा प्रभु येशू खीष्ट जन्मनुभयो। सारा संसारले यस कुरामा मान्यता दिन्छ, किनकि प्रभु येशू जन्मिनुभएको वर्षदेखि नै शुरू गरेर मानिसहरूले वर्ष गन्ने गर्छन्। यसलाई इस्वी संवत् भन्निछ। प्राय: नेपालमा मात्र मानिसहरू यस संवत् अनुसार चल्दैनन्। जे होस्, लगभग २००० वर्षअघि प्रभु येशू यस संसारमा आउनुभयो र उहाँले हामीलाई परमेश्वरका जीवन दिने वचनहरू प्रचार गर्नुभयो। यी वचनहरूद्वारा उहाँ आज पनि तपाईं र मसँग बोल्दै हुनुहुन्छ।

परमेश्वर र उहाँको राज्यको विषयमा शिक्षा दिँदा प्रभु येशूले उखानहरू वा दृष्टान्तहरू प्रयोग गर्नुभयो। सबै मानिसहरूले उहाँका वचनहरूको गहिरो अर्थ सजिलैसँग बुझून् र विश्वास गरून् भनेर प्रभु येशूले साधारण कुराहरूका उदाहरणबाट हामीलाई सत्यको ज्ञान प्रकट गर्नुभयो। यी उखानहरू साधारण भए तापनि यिनैमा अमूल्य आशिषहरू पाइन्छन्। यी परमेश्वरका ठूला आशिषहरू तपाईंको निम्ति उपलब्ध गराउन भनी हामी यो पाठ्यक्रम प्रस्तुत गर्दछौं।

पहिला चार खण्डहरूमा हामी दुई थरीका घर बनाउनेहरू, बीउ छर्ने, असल छिमेकी र एउटा धनाढ्य मूर्खका उखानहरू अध्ययन गर्नेछौं। यिनमा तपाईंको निम्ति हाम्रा सृष्टिकर्ता परमेश्वरको सन्देश छ। उहाँ हामी सबै मानिसलाई प्रेम र वास्ता गर्नुहुन्छ; यसैले उहाँ आफ्नो वचनद्वारा हामीसँग बोल्नुहुन्छ र आफ्नो इच्छा प्रकट गर्नुहुन्छ। यसैकारण परमेश्वरको वचन हामीले ध्यानसित पढ्नुपर्छ। परमेश्वरको डर मानेर तपाईं यसो गर्नुहोस् भनी हामी तपाईंलाई आग्रह गर्दछौं।

यस संसारमा दुई थरीका मानिसहरू पाइन्छन्। कति मानिस दयालु र इमान्दार छन् भने कतिचाहिँ दुष्ट र निर्दयी पनि छन्। कुनै मानिसहरूले परमेश्वरको भय मान्छन् र आफ्नो छिमेकीलाई माया गर्छन् भने कोही नास्तिक हुन्छन् र आफ्नो स्वार्थ मात्र खोज्छन्। यी दुई किसिमका मानिसहरू हामी संसारमा देख्दछौं। यसरी विचार गर्दाखेरी सबै मानिसहरू उस्तै किसिमको दु:खसुखको अनुभव गर्छन् र तिनीहरूमा कुनै भिन्नता देखिँदैन। तर धर्मी र अधर्मीहरूको अन्तिम दशाचाहिँ एकदम फरक छ भन्ने कुरा के तपाईं जान्नुहुन्छ ?

# पाठ १

## दुई थरीका घर बनाउनेहरूको उखान

हामी यहाँ एउटा ज्ञानी र एउटा मूर्ख मानिसको बारेमा लेखिएको पाउँछौं। दुवैजनले आ-आफ्नो घर बनाउँछन्, तर आँधीबेहरी चल्दा एकजनाको घर मात्र रहन्छ, र अर्काको चाहिँ नाश हुन्छ। यो किन यस्तो हुन्छ ? प्रभु येशूले हामीलाई यस कुराको कारण बताउनुहुन्छ। यसमा हामी राम्ररी ध्यान दिऔं।

### क – ज्ञानी मानिस

१. यस उखानमा प्रभु येशूले पहिलो मानिसको बारेमा बताउनुहुन्छ। ऊ तीनवटा काम गर्छ। यी तीनवटा काम के के हुन् ? आफ्नो जवाफ तल टाइप गर्नुहोला।

"जो कोही मकहाँ... मेरा बात... र ती ...।"

२. कति मानिसहरूले वर्तमान समयको मात्र ख्याल गर्छन्, तर यहाँ एकजना बुद्धिमानी मानिस छ, जसले भविष्यमा हुने कुरामा ध्यान लगाउँछ । एकदिन आँधी चल्छ र बाढी आउँछ भन्ने कुरा उसलाई थाहा थियो । उसले भविष्यको विचार राखेर आफ्नो घर बलियो बनायो । हामी पनि आफ्नो जीवनको विषयमा गम्भीर हुनु खाँचो छ; किनभने हाम्रो निम्ति एक दिन तोकिएको छ, जुन दिन परामेश्वरले हाम्रो न्याय गर्नुहुनेछ । त्यस दिनको बारेमा अहिले नै विचर गर्नु आवश्यक छ । हुरीबतास र बाढीदेखि आफ्नो घरलाई बचाउन चाहँदा ज्ञानी मानिसले घरको जग बलियो बनायो । तब हाम्रो जीवन कस्तो जगमाथि बसालिएको छ ? के यसको विषयमा तपाईंले सोच्नुभएको छ ?

क) घर बनाउँदा ज्ञानी मानिसले कतिसम्म खन्यो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) घरको जग उसले केमाथि बसाल्यो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) हाम्रो देशभरि धेरै गाउँहरूमा बाढी आउने डर हुन्छ । वर्षमा अचानक ज्यादा पानी पर्ने बेलामा पानी बढेर आउँछ, खोला किनारै नाघेर जान्छ र खेतबारी र गाउँहुँदो ठूलो हानि गर्छ । परमेश्वरको न्याय हुने दिन पनि बाढीझैं आउँछ । के हामी यस दिनको निम्ति तयार छौं ? प्रभु येशूमाथि विश्वास गर्नेहरूले मात्र आफ्नो जीवन ठीक जगमाथि बसालेका छन्, र न्यायको दिनमा उनीहरू सुरक्षित हुन्छन् ।

क) के बाढीले त्यस जगमाथि बसालिएको घरलाई हल्लाउन सक्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख)यस घरलाई किन हल्लाउन सकेन ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
"किनकि .....................

## ख – मूर्ख मानिसः

१. यस जीवनसित सम्बन्ध राख्ने कुराहरूको बारेमा फिक्री गर्ने मानिसहरू धेरै छन् । हुन त यसो हेर्दा यी मानिसहरू राम्रै देखिन्छन्, तर उनीहरूको जीवनको जग भने छैन । उनीहरू आफ्नो विचार र योजनाअनुसार चल्छन्, तर परमेश्वरको इच्छा जान्नलाई केही वास्ता गर्दैनन् । निश्चय यस्ता मानिसहरू न्यायको दिनको निम्ति तयार हुँदैनन् । त्यो दिन अचानक उनीहरूमाथि आइपर्नेछ र उनीहरूलाई नाश गर्नेछ । यसकारण हामी मूर्ख नबनौं, तर परमेश्वरले हामीलाई के भन्न चाहनुहुन्छ, सो बुझ्ने कोशिश गरौं । उहाँको पवित्र वचनलाई हामी आफ्नो हृदयमा ठाउँ दिऔं ।

क) दोस्रो मानिसको विषयमा बताउँदा प्रभु येशूले के भन्नुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
तर जसले ......................................, र त्यो ......................।

ख) त्यो मानिस कोजस्तो हुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) केमाथि उसले आफ्नो घर बनायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) के ले बलियो जग बनाइन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. परमेश्वरलाई वास्ता नगर्ने मानिसको उन्नति हुन्छ होला । 'म ठीक छु र राम्रै गर्दछु' भन्ने विचार लिएर ऊ सजिलोसँग जिउँछ होला । तर एक्कासि उसमाथि परमेश्वरको न्याय र पापको सजाय आइलाग्छ । यसकारण प्रभु येशूले भन्नुभएको दृष्टान्तबाट हामी पनि चेतावनी लियौं र कुरा बुझौं कि दुष्ट मानिसको अन्तिम अवस्था दुःखमय र डरलाग्दो हुनेछ ।

जब बाढले मूर्ख मानिसको घरलाई धक्का दियो, तब त्यसको घर के भयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

क) ...

ख) ...

## ग – प्रभु येशू नै हाम्रो जीवनको बलियो जग हुनुहुन्छ

१. हाम्रो जीवन पनि यहाँ एउटा आत्मिक घरको तुलना गर्छौं । यस घरको मुख्य कुरा यसको जग हो । यस कुराको ख्याल नराखी हामी जगबिनाको घर बनाउन सक्छौं ? यसो गर्न सजिलो छ, र धेरैजना यस्तै गर्दै आएका छन् पनि । तर हरेक जो न्यायको दिनको लागि तयार हुन चाहन्छ, ऊ आफ्नो जीवन बलियो जगमाथि बसाल्छ; गहिरो गरी खनेर ऊ चट्टान नभेट्टाएसम्म परिश्रम गर्दछ । ऊ चट्टानमाथि आफ्नो घररूपी जीवन स्थापित गर्दछ । तब हाम्रो जीवनको आत्मिक जग के हो त ? परमेश्वरको वचनले हामीलाई के भन्दछ ? पवित्रशास्त्र बाइबलमा पहिलो कोरन्थी नामक पुस्तकको ३ अध्यायको ११ पदमा यसरी लेखिएको छः *"किनभने त्यस बसालिएको जग छोडेर, जो येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पनि मानिसले अर्को जग बसाल्न सक्दैन ।"*

यो मुख्य पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तल दिइएको प्रश्नको जवाफ दिनुहोस् ।

क) हाम्रो जीवनको बलियो जग को हुनुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यो जगबाहेक के अरू कुनै जग छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) के तपाईंको जीवन यस बलियो जगमाथि बसालिएको छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

जब हामी सम्पूर्ण हृदयले प्रभु येशूमाथि विश्वास गर्छौं, तब हामी आफ्नो जीवन त्यस बलियो जगमाथि बसाल्छौं । हामी परमेश्वरको वचनअनुसार जीवन बिताउँछौं र उहाँका आज्ञाहरू पालन गर्छौं । यसरी नै हामी यस बलियो जगमाथि आफ्नो आत्मिक घर बनाउँछौं । यसो गर्ने मानिस प्रभु

येशूले बुद्धिमानी भन्नुहुन्छ । यसकारण तपाईं आफ्नो जीवन साँचो जगमाथि अर्थात् प्रभु येशूमाथि स्थापित गर्नुहोस् भनी हामी तपाईंलाई अनुरोध गर्छौं । तपाईंको विश्वास प्रभु येशूमाथि राखेर उहाँको वचनअनुसार चल्नुहोस् । यसरी नै तपाईं परमेश्वरको न्यायको निम्ति तयार हुनुहुन्छ ।

२..परमेश्वर आफ्ना वचनद्वारा हामीसँग बोल्नुहुन्छ ।

क) तब हामी कसरी सुन्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) धन्य को हो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ २

## बीउ छर्नेको उखान

अब हामी बीउ छर्ने उखानको विषयमा अध्ययन गर्छौं । प्रभु येशूले परमेश्वको वचनलाई बीउसित तुलना गर्नुहुन्छ । त्यो बीउ असल र धेरै फल दिने भए पनि सबै मानिसहरूमा उस्तै फल ल्याउँदैन । किन होला ? किनभने कटनी माटोमा पनि भर पर्छ । परमेश्वरको वचनसित ठीक त्यस्तै हुन्छ । यो कति फल ल्याउँछ, त्यो वचन सुन्ने मानिसको माटोरूपी हृदयमा भर पर्छ । जब हामी परमेश्वरको वचन सुन्दछौं, तब प्रभु येशूले उहाँको अमूल्य बीउ हाम्रो हृदयमा छर्नुहुन्छ । वचन छर्ने बेलामा हामी कसरी सुन्छौं ? चार प्रकारका माटोबाट हामी यो सिक्नेछौं ।

### क – चार प्रकारका माटो

जब बीउ छर्नेले आफ्नो बीउ छर्छ, तब उसले छरेको बीउ किसिम-किसिमको जमिनमा पर्छ । कुनै बीउ बाटोमा, कुनै बीउ ढुङ्गेनी जमिनमा, कुनै बीउ काँड़ाको बीचमा र कुनै बीउ असल जमिनमा पर्छ । सबै बीउ फल फलाउँदैन भनी हामी बुझ्छौं । किन फल फलाउँदैन ? यो कारण हामी अहिले हेर्छौं ।

१. खेतबारीको छेउमा सानो गोरेटो पाइन्छ । मानिस र गाईवस्तुहरू ओहोरदोहोर गर्दा माटो टेक्दै यो बाटो बनेको छ । गाउँलेहरू बजार जाँदा यस बाटोमा हिँड्छन् । धारामा लुगा धुने र पानी बोक्ने स्त्रीहरू पनि यही बाटो प्रयोग गर्छन् । बारीको माटो र यस बाटोको माटो एउटै हो; होइन र ? तब यस गोरेटोको माटोमा के फरक छ, मानिसहरूले बारम्बार टेकेको हुनाले यसको माटो कड़ा भयो ।

तब बाटोको किनारमा परेको बीउलाई के भयो ? (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

क) "केही बीउ बाटोको किनारमा परयो र ...

ख) "अनि आकाशका चराचुरूङगीहरूले ...

२. पहाड़का कुनै बारीमा ठाउँ-ठाउँमा थोरै माटो पाइन्छ, किनभने त्यसमनि ठूलो ढुङ्गा र पहराहरू हुन्छन् । यस्तो जग्गालाई ढुङ्गेनी जमिन भन्निछ । यस्तो जमिनले एकदम थोरै उब्जनी दिन्छ; किनभने त्यहाँ चिसो धेरै बस्दैन ।

चट्टानमा परेको अर्थात् ढुङ्गेनी जमिनमा परेको बीउलाई के भयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

क) "अनि केही बीउ चट्टानमाथि परयो र ...

ख) बीउ सुकेको कारण के थियो ? ...

३. काँडा कति चाँडै उम्रिन्छन् । बारम्बार किसानले काँडे घारी फाँडे पनि ती काँड़ा तुरून्तै फेरि उम्रिन्छन्; किनभने ती काँड़ाका गहिरा जरा हुन्छन् । ती जरासमेत उखिल्नुपर्छ, नत्रभने काँड़ाहरूले असल जमिन बिगार्छन् र तिनको नजिकैमा उम्रेको वा रोपिएको कुनै बिरूवा बढ्न दिँदैनन्; तर त्यसलाई बाधा दिन्छन् र पछि त्यसलाई पूरा ढाकिदिन्छन् । यसरी असल बीउबाट उम्रेको बिरूवा मर्छ र कुनै फल दिँदैन ।

अब काँड़ाको बिचमा परेको बीउलाई के भयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

क) "अरू केही बीउ काँड़ाका झाङको बीचमा पर्‍यो र ...

ख) काँड़ाहरूले के गरे ? ...

४. बारीको प्रायः धेरै जमिन असल माटोको हुन्छ । बीउ छर्नेले यही जमिनमा आफ्नो बीउ छर्न चाहेको छ; किनभने यस्तो जमिनमा परेको बीउ प्रशस्त फल दिन्छ । यस जमिन खनजोत गरेर र यसमा मल हालेर किसानले बढ़ी परिश्रम गर्छ र बीउ छर्नलाई जमिन तयार पार्छ । के तपाईंको र मेरो जीवन पनि यस्तै छ ?

असल जमिनमा परेका बीउले कति गुणा फल फलायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख – चार प्रकारका मानिसहरू

प्रभु येशूले यस उखानको अर्थ पनि खोलिदिनुभयो, र यो कुरा हाम्रो लागि मुख्य छ । यसकारण हामी ध्यानसित उहाँको वचन पढौं र बुझौं । बीउचाहिँ परमेश्वरको वचन हो । यो वचन प्रभु येशूले हामी मानिसहरूको हृदयमा छर्नुहुन्छ । जसरी किसिम-किसिमको माटो पाइन्छ, त्यसरी नै मानिसहरूको हृदय पनि फरक-फरक हुन्छ । परमेश्वरको वचन सुन्नेहरूमा प्रभु येशूले चार किसिमका मानिसहरू छुट्ट्याउनुहुन्छ ।

१. बाटोको छेउमा परेको बीउले यी व्यक्तिहरूलाई संकेत गर्छ, जसले परमेश्वरको वचनमा कुनै ध्यान दिँदैनन् । उनीहरूले के सुन्दैछन्, त्यसको केही वास्ता गर्दैनन् । कान लगाएका भए उनीहरूले मुक्तिको सुसमाचार बुझ्नेथिए । उनीहरूले प्रभु येशूमाथि विश्वास गरी अनन्त जीवन पाउन सक्थे । तर अब यो उनीहरूबाट लगिनेछ ।

क) बाटोको किनारमा परेकाहरूले विश्वास गरेर के पाउनेथिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) यसो नहोस् भनी शैतानले के गर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. चट्टानमा परेका बीउले यस्ता मानिसहरूलाई देखाउँछ, जसले प्रभुको वचन राम्ररी नबुझीकन झट्टै खुशीसाथ ग्रहण गर्छन् । तर उनीहरू परमेश्वरको वचनको गहिराइमा पुग्दैनन् । प्रभुको शिक्षा उनीहरूलाई राम्रो र सजिलो लाग्छ । जब प्रभु येशूको नाम वा वचनको खातिर उनीहरू सतावटमा पर्छन्, तब तुरून्तै हरेश खाएर उनीहरूले त्यस बहुमूल्य विश्वासलाई छाड्छन् । उनीहरूको निम्ति

विश्वास नगर्नु ठीक हुनेथियो, किनभने अब त उनीहरूको हालत पहिलेको भन्दा खराब भएको छ । उनीहरूले सत्य वचन जानेर पनि त्यसलाई त्यागे । उनीहरूको निम्ति अब के बाँकी रहन्छ ? के परमेश्वरका शत्रुहरूको लागि साँचिराखेको अन्धकार होइन र ?

क) चट्टानमा परेकाहरू वचन सुन्दा के गर्छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) किन उनीहरू थोरै समयको निम्ति मात्र विश्वास गर्छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) कुन  समयमा उनीहरू पछि हट्छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. काँड़ाका झाङको बीचमा परेको बीउजस्तै धेरै मानिसहरू हुन्छन् । उनीहरूको ध्यान दुईटा कुरामा रहन्छ । उनीहरूले प्रभुको वचनमा कान लगाउँछन्, साथै संसारका कुराहरूमा मन लगाउँछन् । उनीहरू प्रभु येशूलाई पछ्याउन चाहन्छन्, तर सधैं सांसारिक कुराहरूमा अल्झिन्छन् । उनीहरूको लागि पढ़ाइ, कामधन्दा, धनसम्पत्ति, इज्जत, समाज, आफन्त आदि कुराहरू मुख्य हुन्छन् । यसले गर्दा उनीहरू धेरै किसिमका चिन्ता गर्छन् र अनेकौं अभिलाषाहरूमा भुल्छन् । परमेश्वरको खोजी गर्ने र उहाँको इच्छा पालन गर्ने समय उनीहरूले पाउँदैनन् । उनीहरू संसारको मोहजालमा फसेका छन् । उनीहरूको जीवनमा परमेश्वरको वचनले फल ल्याउन सकेन । दुःखको कुरा के हो भने उनीहरूबाट परमेश्वरको महिमा हुनुपर्थ्यो, तर यसको एक झलक पनि देखा पर्दैन ।

क) काँड़ाको बीचमा परेकाहरू कोजस्ता छन् ?(ठीक जवाफ तल टाइप गर्नुहोला)

अ) परमेश्वरको इच्छाअनुसार चल्नेहरू आ) आफ्नै इच्छाअनुसार चल्नेहरू

ख) परमेश्वरको वचनलाई फलहीन तुल्याउने तीनवटा कुराहरू के के हुन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)
आ)
ई)

४. असल जमिनमा परेको बीउले यी मानिसहरूलाई सङ्केत गर्छन्, जसबाट परमेश्वरको महिमा हुन्छ । धेरै फल फलाएर उनीहरूको जीवनमा परमेश्वरको उदेश्य पूरा भएको छ । उनीहरूले परमेश्वरको वचन मात्र सुनेनन्, तर उनीहरूले यहाँ वचन आफ्नो हृदयमा राखिछोड़ेका छन् । उनीहरूको हृदय कस्तो छ ? के तपाईंले यस कुरामा ध्यान दिनुभयो ? जसको मनमा प्रभुको वचनको लागि प्रशस्त ठाउँ हुन्छ, यस्तो मन असल भनिन्छ । यस्तो मानिसले प्रभु येशूलाई जीवनभरि नै पछ्याउँछ र परमेश्वरको इच्छा पालन गर्नुबाट कहिल्यै पछि हट्दैन । यस्तो मानिसले अनन्त जीवन पाएको छ र आफ्ना कामको फल पनि पाउँछ । धन्य हो त्यो मानिस, जसको जीवनमा परमेश्वरको वचनले सय गुणा फल फलाउँदछ ।

क) असल जमिनमा परेका बीउजस्तै को छ ??(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) उसको हृदय कस्तो छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) कसरी ऊ फल फलाउँछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग – परमेश्वरको वचन अमूल्य बीउ हो

१. परमेश्वरको वचन जिउँदो र शक्तिशाली छ । जब हामी प्रभु येशूको सुसमाचारको सत्य वचन सुन्छौं वा पढ्छौं, तब परमेश्वरको पवित्र आत्माले हामीलाई सिकाउन र मुक्तिको बाटो देखाउन चाहनुहुन्छ । यसकारण स्वर्गको बाटो कुनचाहिँ हो, सो हामी निश्चित रूपले चाल पाउँछौं । तब हामी प्रभु येशूमाथि विश्वास गर्ने मौका पाउँछौं । यसरी परमेश्वरको वचन हाम्रो जीवनमा काम गर्न थाल्छ । जति हामीले आफ्नो हृदयमा यस पवित्र वचनलाई ठाउँ दिन्छौं, त्यति नै यसले परमेश्वरको महिमाको निम्ति हामीमा फल फलाउँदछ । यसो गर्नलाई हामी परमेश्वरको शक्तिशाली वचनलाई हाम्रो मनमा प्रशस्त ठाउँ दिऔं ।

प्रभु येशूको वचन सुन्ने र उहाँमाथि विश्वास गर्नेलाई उहाँले कस्तो कबुल गर्नुभएको छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. यूहन्ना ५:२४ पढ्नुहोस् र तलको प्रश्नको जवाफ लेख्नुहोस्

क) कसले अनन्त जीवन पाउँछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) जसले अनन्त जीवन पाउँछ, उसले परमेश्वरको सबभन्दा उत्तम दान पाउँछ । उसको जीवनमा कुन दुईटा महत्वपूर्ण परिवर्तन हुन्छन् ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)

आ)

# पाठ ३

## परमेश्वर बोलिरहनुभएको छ

### असल छिमेकीको उखान

पहिला पाठहरूमा हामीले प्रभु येशूलाई आफ्नो जीवनको बलियो जग बनाउनुपर्छ, अनि परमेश्वरको वचन हामीले आफ्नो हृदयमा ग्रहण गर्नुपर्छ भन्ने महत्वपूर्ण विषयहरू अध्ययन गर्‍यौं । अहिले

# प्रभु येशूका उखानहरु - बाइबल अध्ययन उत्तरपुस्तिका, भाग - १

हामी परमेश्वरप्रति र मानिसप्रति हाम्रो कर्तव्य के हो, सो कुराको बारेमा प्रभुको वचनबाट सिक्नेछौं । किनभने हाम्रो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिनु, उहाँलाई प्रेम गरेर भक्ति चढ़ाउनु, साथै आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नु नै हाम्रा दुई नभई नहुने कर्तव्य हुन्छन् । जसले परमेश्वरलाई साँचो गरी प्रेम गर्छ, उसैले आफ्नो छिमेकीलाई पनि प्रेम गर्छ ।

## क – हाम्रो कर्तव्य

१. यहाँ हामी परमेश्वरको पवित्रशास्त्र पढ़ाउने अध्यापकसँग प्रभु येशूले कुरा गर्नुभएको देख्दछौं । आपसमा कुरा गर्दा गर्दै प्रभुले उसलाई पवित्रशास्त्रमा मानिसको सबभन्दा मुख्य कर्तव्यको विषयमा के लेखिएको छ भनी सोध्नुभयो ।

(खाली ठाउँमा भर्नुहोस्)

क) पवित्रशास्त्रअनुसार परमेश्वरप्रति हाम्रो कर्तव्य के हो ? "अनि तिनले जवाफ दिएर भने: तिमीले आफ्नो प्रभु परमेश्वरलाई ...प्रेम गर ।"

ख) पवित्रशास्त्रअनुसार मानिसप्रति हाम्रो कर्तव्य के हो ? "अनि आफ्नो छिमेकीलाई ... ।"

## ख – मेरो छिमेकी को हो ?

१. यो पवित्रशास्त्र पढ़ाउने अध्यापकले प्रभु येशूलाई ठीक जवाफ दिए; किनभने उनले परमेश्वरको वचन ध्यानसित अध्ययन गरे र पण्डित भएर यसको पूरा ज्ञान जाने । तर परमेश्वरको वचन जान्नु मात्र पुग्दैन, उहाँको आज्ञा पालन गनुपर्छ । अनि यो कुरा हामी सबैलाई गाह्रो पर्छ, र यसैमा हामी धेरैपल्ट चुक्दछौं । यसकारण आफूलाई धर्मी ठहरचाउन खोज्नु ठूलो भूल हो । के परमेश्वरले हाम्रो कमजोर अवस्था जान्नुहुन्न र ? यसैले हामी बरू उहाँको सामु आफूलाई नम्र तुल्याऔं र आफ्नो भूलचुक मानिलिऔं ।

तर उनले आफूलाई 'म ठीक छु' भन्ने देखाउन खोज्दै प्रभुलाई के प्रश्न गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. आफूलाई ठीक छु भन्ने देखाउन खोज्नेहरूको निम्ति प्रभु येशूले यस दृष्टान्त बताउनुहुन्छ । किनभने यदि हाम्रो हृदयमा परमेश्वरको निम्ति प्रेम छ भने तब हामी अरूलाई खाँचो परचो भने सहायता गर्न पनि तयार हुन्छौं । यो कुरा स्पष्ट पार्नलाई प्रभुले यो उखान भन्नुभयो । इस्राएलको राजधानी यरूशलेम हो । त्यही शहरमा परमेश्वरको पवित्रस्थान अर्थात् उहाँको सुन्दर मन्दिर थियो, जहाँ पूजारीहरू दिनरात परमेश्वरको उपासना, भक्ति र श्रद्धा चढ़ाउँथे । यरूशलेमबाट यरिहो जाने बाटो डरलाग्दो थियो, किनभने ती दुई ठाउँहरूको बीचमा बाटो एकान्त र निर्जन पहाड़ अनि जङ्गलबाट भएर ओरालो गएको थियो; त्यहाँ डाँकू लाग्थ्यो । त्यही बाटोमा एकजना यात्री गइरहेको थियो ।

क) यात्रीमाथि को लाइलाग्यो ?

ख) डाँकूहरूले उसलाई के के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) तिनीहरूले यात्रीलाई कुन अवस्थामा छोड़े ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. संयोगले यरूशलेमबाट एकजना पूजारी त्यो बाटो भएर गए, र त्यही ठाउँमा आइपुगे, जहाँ त्यो घाइते यात्री अधमरो अवस्थामा भुइँमा पल्टेको थियो । पूजारीले परमेश्वरको नियम राम्ररी जान्दथे; यसैले त्यस घाइतेलाई देख्नसाथ आफ्नो कर्तव्य पूरा गर्ने मौका यही हो भनी तिनले सम्झिनुपर्थ्यो ।
तर त्यस घाइतेलाई देखेर पूजारीले के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. केही समयपछि एकजना लेवी पनि त्यही ठाउँमा आइपुगे । लेवी वंशका मानिसहरू पूरा समय परमेश्वरको सेवा गर्नको निम्ति अर्पण गरिएका थिए, र उनीहरू पूजारीहरूलाई सघाउने काम गर्थे । लेवीलाई पनि परमेश्वरको आज्ञा थाहा थियो । के तिनले आफ्नो कर्तव्य पूरा गरे ?

तर त्यस घाइतेलाई देखेर लेवीले के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. बाटोको छेउमा त्यो घाइते यात्री रक्ताम्मे भई लड़िरहेको थियो । तर पूजारी र लेवीले उसलाई कुनै सहायता दिएनन् । नाम र पेसाअनुसार उनीहरू त परमेश्वरको सेवक थिए । यसैले उनीहरूले अरू मानिसहरूबाट मान पाउँथे, र सबैले उनीहरूलाई धर्मी सम्झन्थे । तर परमेश्वरको दृष्टिमा उनीहरू धर्मी थिएनन्; किनभने परमेश्वरको आज्ञा जान्नेहरू होइन, तर परमेश्वरको आज्ञा पालन गर्नेहरू धर्मी ठहरिन्छन् । अब फेरि अर्को एकजना मानिस त्यो ठाउँमा पुग्यो । ऊ एक साधारण व्यक्ति थियो । ऊ समारी भन्ने सानो जातको मानिस थियो, जुन जातलाई यहूदीहरूले तुच्छ ठान्थे र उनीहरूसँग कुनै सम्बन्ध राख्दैनथे । ऊ परमेश्वरको नियम धेरै जान्ने मानिस थिएन होला, तर उसैले परमेश्वरको आज्ञा पूरा गर्‍यो ।
क) त्यस घाइतेलाई देखेर उसलाई कस्तो लाग्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यसकहाँ गएर सामरीले त्यस यात्रीका चोटहरूमा कुन दुई काम गर्‍यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
अ) .................................... आ) ...................................... ।

ग) त्यो घाइते यात्री हिँड्न सकेन । यसैले यो सामरीले त्यस घाइतेलाई अरू कुन कुन सेवा गर्‍यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
अ)
आ)
इ)

६. यस ठाउँमा हामी प्रभु येशूलाई यस दयालु सामरीसित तुलना गर्न चाहन्छौं । किनभने प्रभु येशूले हामीलाई यो उत्तम शिक्षा मात्र दिनुभएन, तर आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू भन्ने परमेश्वरको आज्ञा पूरा गर्नुभयो । किनभने परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले प्रभु येशूलाई यस संसारमा पठाउनुभयो । प्रभु येशूले दुःखमा परेका र खाँचोमा परेकाहरूको सेवा गर्नुभयो । प्रभु येशूकहाँ आउनेहरू - मध्ये कोही रित्तो फर्किनुपरेन । उहाँको माया हामी मानिसप्रति ठूलो छ । अन्तमा प्रभु येशूले हाम्रा सबैको दाम तिर्नुभयो । पापको ऋणबाट चुक्ता गर्ने मोल प्रभु येशूले क्रूसमा आफ्नो प्राण दिईकन तिर्नुभयो । उहाँले हाम्रो लागि कुनै थोक बाँकी राख्नुभएन, तर साँचो प्रेमले हामीलाई प्रेम गर्नुभयो । यसो हो भने हामी पनि उहाँबाट अरूलाई प्रेम गर्न सिकौं । सामरीले यात्रीलाई सरायमा लग्यो र त्यसको हेरचाह गरचो । भोलिपल्ट ऊ आफ्नो बाटो लाग्यो ।

क) त्यति बेला सामरीले सरायको मालिकलाई के दियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) पैसा दिँदा सामरीले सरायको मालिकलाई के अह्रायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) फर्केर आउँदा के गर्ने कबुल सामरीले गरचो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग – यस उखानको निचोड़ यही हो: ‘जाऊ, तिमी पनि त्यसै गर !’

१. पवित्रशास्त्र पढ़ाउने अध्यापकले सोधेको प्रश्न यो थियो: ‘मेरो छिमेकी को हो त ?’ बहाना गरेर उनले प्रभु येशूलाई यो प्रश्न सोधें, किनभने उनले आफूलाई धर्मी ठान्थे । तरैपनि प्रभु येशूले उनलाई यस प्रश्नको ठीक जवाफ दिनुभयो । अब उनको निम्ति कुनै बहाना गर्ने ठाउँ रहेन; किनकि कुरा स्पष्ट भयो । तपाईंले पनि परमेश्वरको आज्ञा पालन गर्ने तरिका बुझ्नुभयो होला ?

क) अध्यापकलाई प्रभु येशूको प्रश्न के थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) डाँकूहरूको हातमा परेको यात्रीको छिमेकी को ठहरियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) अध्यापकलाई प्रभु येशूले के आज्ञा दिनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. यो आज्ञा प्रभु येशूले हामीलाई पनि दिनुभएको छ । हामी आफूलाई धर्मी नठानौं, तर परमेश्वरलाई प्रेम गर्न सिकौं । पवित्रशास्त्र बाइबलले भन्दछ: ‘हामी परमेश्वरलाई प्रेम गर्छौं, किनभने उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो ।’ उहाँको प्रेम पाएकाहरूले अरू मानिसहरूलाई आफूलाई झैं प्रेम गर्न

थाल्छन् । यसरी हामीले परमेश्वरप्रति र हाम्रो वरिपरि जिउने मानिसहरूप्रति हाम्रो कर्तव्य पूरा गर्नेछौं । बाइबलको सार यही हो; किनभने परमेश्वरका जति आज्ञाहरू छन्, यी दुईटा आज्ञामा पूरा हुनेछन् ।

यसकारण कृपया यी दुईटा आज्ञा कण्ठस्थ गर्नुहोस्; त्यसपछि तल दिइएको खाली ठाउँमा लेख्नुहोस् ।

# पाठ ४

## एउटा धनाढ्य मूर्खको उखान

हामीमध्ये धेरैलाई धनी हुने इच्छा हुन्छ । ठूलो घर, धेरै जमिन र प्रशस्त धन हामी चाह गर्छौं । हाम्रो भविष्य सुखदायी होस् भनेर हामी पैसा र सम्पत्ति जोहो गर्छौं । यी सबै थोक पाएर मात्र हामी सुखी हुन्छौं भनी हामी विचार गर्छौं । तर यसरी विचार गर्नु ठूलो भूल हो भनी प्रभु येशूले हामीलाई धनाढ्य मूर्खको उखानबाट सिकाउनुहुन्छ ।

### क – सबै किसिमका लालचादेखि होशियार !

१. प्रभु येशूले मानिसहरूको भीड़लाई परमेश्वरको राज्यको बारेमा शिक्षा दिनुहुँदा एकजना मानिसले उहाँलाई अंश बाँड्ने सम्बन्धमा मद्दत गर्न विन्ती गरचो । प्रभुले उसलाई कड़ा जवाफ दिनुभयो, किनकि त्यस मानिसले परमेश्वरका कुराभन्दा सांसारिक धनदौलत खोजेको उहाँले थाहा पाउनभयो । परमेश्वरप्रति हाम्रो विश्वास र साँचो प्रेम आत्मिक धन हो । हामी हरेक यसैमा धनी भएको परमेश्वर चाहनुहुन्छ । तब के संसारको धनसम्पत्तिको पछि लागेर हामी मोजमज्जामा आफ्नो जीवन बिताऔं ? यसो गर्न खोज्दा हामी आफ्नो अमूल्य आत्मालाई गुमाउनुपर्छ । यसकारण यस्तो मनलाई खिच्ने अभिलाषादेखि होशियार रहौं । किनभने धन कमाउनु हाम्रो जीवनको मुख्य उद्देश्य होइन ।

क) भीड़बाट एकजना मानिसले प्रभु येशूलाई के विन्ती गरचो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) धनको सम्बन्धमा कुन पापदेखि हामी होशियार रहनु र जोगिनुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) हामी किन होशियार रहनुपर्ने हो ? प्रभुले के कारण दिनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

### ख – धनको सम्बन्धमा प्रभुको उखान

# प्रभु येशूका उखानहरू - बाइबल अध्ययन उत्तरपुस्तिका, भाग - १

१. प्रभु येशूले धनी मानिसको कथाबाट हामीलाई उत्तम शिक्षा दिनुभयो । किनभने अन्न उब्जाउनुहुने र हामीलाई दैनिक भोजन जुटाइदिनुहुने हाम्रो सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ । उहाँ नै हामीलाई सबै थोक दिनुहुन्छ । उहाँको हातबाट पाएको सम्झी हामी सबै थोक धन्यवादसाथ उपभोग गर्नुपर्छ । धन बढ्यो भने त्यसमाथि हाम्रो भरोसा राख्नुहुँदैन, अभिमानी हुनु पनि हुँदैन, तर हामीलाई सबै थोक दिनुहुने जिउँदो परमेश्वरमाथि भरोस राख्नुपर्छ । जब परमेश्वरले हामीलाई प्रशस्त धन दिनुहुन्छ, जब हाम्रो जिम्मेवारी पनि बढ्दछ । किनभने त्यो सबै धन हामीले पाए पनि धन आफ्नै लागि मात्र चलाउनुहुँदैन, तर हामीले अरूको भलाइ गर्नुपर्छ । आफ्नो धन हामीले कसरी चलायौं, त्यसको हिसाब हामीले एक दिन परमेश्वरलाई दिनुपर्छ भन्ने कुरा के तपाईंलाई थाह छैन ?

क) धनी मानिसको जमिनको उब्जनी कस्तो हुन्थ्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) उब्जनी यति प्रशस्त थियो कि अन्न राख्ने भकारीहरू पुगेनन् । यसकारण धनी मानिसले के गर्ने निश्चय गरत्रो ? ठिक उत्तरमा चिनो लागउनुहोस् ।

अ) भकारीहरूमा नअड्ने अन्न खेतालाहरूलाई दिने

आ) आउने वर्षको लागि आफैलाई चाहिने अन्न राख्ने र बाँकी अन्नचाहिँ गरिबहरूलाई बाँड्ने

इ) झन् ठूला-ठूला भकारीहरू बनाएर सबै अन्न आफ्नै लागि थुपार्ने ।

२. त्यो धनी मानिस ‘मेरा भकारीहरू, मेरा अन्न, मेरो सम्पत्ति’ भन्ने गर्थ्यो । तर केही समयपछि ती सबै थोकहरू उसबाट लगियो । मर्ने बेलामा हामीले कमाएको जम्मै धनसम्पत्ति छोड़ेर जानुपर्छ र केही पनि लान पाउँदैनौं भन्ने कुरा उसले याद गरेन । त्यस बेला विश्वास, आशा, प्रेम, सच्चाइ र शान्ति उसको धन भए यी कुराहरू उसले लान पाउनेथिए । तर यस्ता कुरामा उसको ध्यान कहिल्यै पुगेन । यसकारण त्यो धनी मानिस नाङ्गै जानुपरत्रो ।

क) आफ्नो धनको मज्जा लिन चाहँदा धनीले आफ्नो मनलाई  के भन्यो (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) परमेश्वरले उसलाई के नाम दिएर बोलाउनुभयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

हाम्रो जीवन पनि परमेश्वरले दिनुभएको दान हो । आफ्नो इच्छाअनुसार उहाँले हाम्रा आयु तोक्नुभएको छ । एक दिन उहाँले हाम्रो प्राण फिर्ता लिनुहुनेछ । त्यो दिन एकदम चाँड़ै हुन सक्छ ।

ग) धनी मानिसले परमेश्वरलाई आफ्नो प्राण कहिले फिर्ता दिनुपरत्रो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) परेपछि उसको धन कसको हुने हो भन्दै परमेश्वरले के भन्नुभएको थियो? (एउटा जवाफमा चिन्ह लगाउर्नु होला)

अ) धनी मानिसले आफ्नो धन सँगै लिएर जान सक्छ ?

आ) उसले आफ्नो धन छाड़ेर जानुपर्छ ।

३. परमेश्वरले दिनुभएका थोकहरू हामी स्वार्थीपूर्वक उपभोग गर्छौं भने हाम्रो आत्मा गरिब हुनेछ । रूपियाँ पैसा, धनदौलतले हामीलाई परमेश्वरको साम्‌ु धर्मी तुल्याउन सक्दैन । तर यदि हामी आफ्नो धनसम्पत्ति अरूको भलाइ गर्नको निम्ति बाँड्छौं भने यसैबाट हामीलाई ठूलो लाभ हुन्छ र हृदयमा आनन्द दिन्छ । जति त्यो धनी मानिस आफ्नो सम्पत्ति थुपार्दै गयो, त्यति नै उसको स्वार्थीपनले गर्दा उसको आत्मा गरिब हुँदै गयो । तब हामीमा यो प्रश्न उठ्छ : के हामीले पनि त्यो धनी मानिसले जस्तो आफ्नो धन बेठीक रीतिले चलाएर ठूलो भूल गर्दैछौं ?

त्यो धनी मानिसजस्तै मूर्ख को हुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. त्यस धनी मानिसले धेरै वर्षसम्म धनसम्मत्ति जोहो गरी थुपारेको थियो, तर उसको मृत्युको बारेमा र त्यसपछि हुने परमेश्वरको न्यायको विषयमा कुनै तयारी गरेन । आफ्नो निम्ति मात्र जिउनु र धन थुपार्नु मूर्खता हो । विश्वासद्वारा आत्मिक हिसाबले धनी हुनु साँचो बुद्धि हो ।

त्यो धनी मानिसको बारेमा विचार गर्नुहोस् र ठीक जवाफमा चिन्ह लगाउनुहोस् ।

क) ऊ परमेश्वरलाई भेट्न तयार थियो ।

ख) ऊ परमेश्वरलाई भेट्न तयार थिएन ।

## ग – धनको सम्बन्धमा प्रभु येशूको सिद्धान्त

१. मत्ती सुसमाचार नामक पुस्तकको ६:१९-२१ पदसम्म हामी धनको सम्बन्धमा प्रभुको शिक्षा पढ्न पाउँछौं । त्यहाँबाट संसारमा थुपारिएको धन एकदम अनिश्चित हुँदो रहेछ भन्ने कुरा हामीलाई स्पष्ट हुन्छ । धन थुपार्ने नै हो भनेदेखि हामीले स्वर्गीय धन जोहो गर्नुपर्छ; किनभने त्यहाँ चोर र कीरा लाग्दैन, नता सम्पत्ति कुहेर वा बिग्रेर नष्ट हुन्छ । तर यसमा अझै एउटा कुरामा ध्यान दिनु हामीलाई खाँचो छ । जहाँ हाम्रो धन हुन्छ, त्यहाँ हाम्रो मन पनि हुन्छ । यसो भए तपाईंको मन कहाँ छ त ? स्वर्गका कुराहरूमा कि संसारिक कुराहरूमा ? शरीरमा मन लगाउनु मृत्यु हो, तर आत्मिक कुरामा मन लगाउनुचाहिँ जीवन र शान्ति हो ।

क) पृथ्वीमा धन किन थुपार्नुहुँदैन ? दुईटा कारण लेख्नुहोस् ।

अ)

आ)

ख) स्वर्गमा हामीले धन किन थुपार्नुहुन्छ ? दुईटा कारण लेख्नुहोस् ।

अ)

आ)

ग) हाम्रो मन कहाँ हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. मत्ती ६:२५, ३२-३३ पदहरूबाट आफ्नो शरीरभन्दा ठूलो कुरा छ भन्ने पाठ सिकौं । हामीलाई खानु छ, हामीलाई लगानु छ;, यसैले हामी यी कुराहरूको बन्दोबस्त गर्छौं; ठीक छ । हामीलाई यी सबै थोकहरूको खाँचो छ भन्ने परमेश्वरलाई थाहा छ र प्रेमसाथ उहाँले हाम्रो लागि प्रबन्ध गर्नुहुन्छ । तर कुरा यसमा सीमित छैन नि । हामी परमेश्वरको राज्यमा पस्नैपर्छ, नत्रता हाम्रो अमूल्य आत्मा नाश हुन्छ । हामीले परमेश्वरको इच्छा जान्नु र पालन गर्नुपर्छ । उहाँको दृष्टिमा हामीलाई ठीक हुनु खाँचो पर्छ । हाम्रो ध्यान पहिलो यसमा जानुपर्छ । यसो गर्नाले उहाँले हामीलाई अरू सबै थोक थप्नुहुनेछ । यो उहाँले हामीलाई दिनुभएको प्रतिज्ञा हो ।

क) पहिले हामीले के खोजी गर्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तब परमेश्वरले हामीलाई के दिन्छु भनी प्रतिज्ञा गर्नु भएको छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ ५

## मुक्तिदाताले खोज्दै हुनुहुन्छ

### हराएको भेडाको उखान

यस सम्बन्धमा हामी तीनवटा दृष्टान्तहरू अध्ययन गर्नेछौं: हराएको भेड़ा, हराएको सिक्का र हराएको छोरा । तर पहिले हामी तपाईंलाई प्रभु येशूको शिक्षाको निष्कर्ष सुनाउन चाहन्छौं, जसबाट तपाईंले यी पाठहरूमा सिकाइएको मुख्य कुरा बुझ्न सक्नुहुन्छ ।

परमेश्वरले हामीलाई बुबाआमाले भन्दा धेरै बढ्ता प्रेम गर्नुहुन्छ । हामी मानिसहरू पाप र कुकर्म गर्नेहरू हौं । हामी सबै एकातिर लागेका सत्य बाटो बिराएका छौं । हामी जस्ता पापीहरूलाई खोज्न र फर्काउनको निम्ति परमेश्वरले आफ्ना एकमात्र पुत्र प्रभु येशूलाई यस संसारमा पठाउनुभयो । हाम्रा पाप र अधर्महरूको निम्ति उहाँ क्रूसमा असाध्य दु:ख सहेर मर्नुभयो । हामीलाई परमेश्वरकहाँ फर्काउनको लागि दाम तिर्नुपर्‍यो । हामीलाई प्रेम गर्नुभएको हुनाले प्रभु येशूले केही बाँकी नराखी हाम्रो निम्ति पापबाट मुक्ति दिन दाम तिरिदिनुभयो । तर मरेको तेस्रो दिनमा प्रभु येशू मरेकाहरूबाट जिइउठ्नुभयो । उहाँ जिउँदो मुक्तिदाता हुनुहुन्छ; उहाँले तपाईंलाई खोज्दै हुनुहुन्छ । यही सुसमाचारद्वारा परमेश्वरले तपाईंलाई पापदेखि उहाँ कहाँ फर्किने र प्रभु येशूमाथि विश्वास गर्ने निम्तो दिनुहुन्छ ।

प्रभु येशूले हामीलाई हराएको भेड़ाको दृष्टान्त सुनाउनुहुन्छ र यसैबाट अमूल्य ज्ञान दिनुहुन्छ । यसकारण हामी ध्यानसित पढौं; किनभने हामीलाई पनि एउटा आत्मिक गोठालाको खाँचो पर्छ ।

१. गोठाला नभएका भेड़ाहरूले झैं हामीले पनि ठीक बाटो बिरायौं । पापको मार्गमा लागेर हामी परमेश्वरबाट टाढ़ोमा पुग्यौं । यो अवस्थामा हामी मरचौं भने हामीले आफ्नो आत्मालाई सधैंको

निम्ति गुमाउनुपर्छ । यस्तो नहोस् भनेर प्रभु येशूले हामीलाई खोज्दै हुनुहुन्छ र पश्चात्तापको निम्ति बोलाउँदै हुनुहुन्छ । उहाँ धर्मीहरूलाई होइन, तर पापीहरूलाई खोज्न आउनुभयो । उहाँ तपाईंलाई खोज्न आउनुभयो ।

क) गोठालाको कति भेड़ा थिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) यीमध्ये कति भेड़ा हराए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. एउटै भेड़ा हराएको रहेछ,; त्यसलाई खोज्नको निम्ति गोठालो कति कष्ट उठाउँछ । त्यसलाई नपाउन्जेल ऊ खोजी हिँड्छ । हराएको भेड़ा रात पर्दा कहाँ पुग्न सक्छ र चारैतिबाट त्यसमाथि कस्ता-कस्ता खतराहरू आइपर्छन् भन्ने कुरा गोठालालाई जम्मै थाह छ । यसैले ढिलो हुनुभन्दा अघि नै त्यसलाई भेट्टाउन र ब्वाँसो वा सिंहको  मुखमा पर्नुबाट बचाउन गोठालो हतार गरी अघि बढ्छ । समय-समयमा गोठालाले भेड़ाको नाम लिईकन त्यसलाई बोलाउँछ । अन्तमा उसले त्यस भेड़ाको म्याँ-म्याँ गर्ने सोर सुन्दछ । त्यो आवाज आउने ठाउँतिर हतारिँदै गोठाला जान्छ, त्यस हराएको भेड़ालाई भेट्टाउँछ र प्रेमसाथ बचाउँछ । प्रभु येशू त्यही असल गोठाला जस्तै हुनुहुन्छ । उहाँ परमेश्वरदेखि टाढ़ा हुनेहरू सबैलाई एक-एक गरी खोज्नुहुन्छ । उहाँ तपाईंको आत्मा बचाउन खोज्ने गोठाला अर्थात् मुक्तिदाता हुनुहुन्छ ।

क) उनान्सय भेड़ालाई गोठालाले के गरचो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) गोठालाले कति बेर त्यस हराएको भेड़ालाई खोज्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. कतिले हामी मानिसहरूलाई भेड़ासित तुलना गरिएको कुरा मन पराउँदैनन् । हामी बुद्धिजीवी मानिस हौं, तब कसरी मूर्ख भेड़ासित तुलना गर्न मिल्छ र ? भन्दै उनीहरूले गुनासो गर्छन् । आत्मिक हिसाबले हामी कति कमजोर छौं भन्ने कुरा यस्तो कुरा भन्नेहरूलाई थाहा छैन । यसैले हामी यो कुरा बुझ्ने कोशिश गरौं । पापमा नफसेको को मानिस होला ? पापको वशबाट आफूलाई बचाउन सक्ने को छ र ? यसैकारण परमेश्वरले हामी सबैलाई एकातिर लागेका, हराएका, कमजोर भेड़ाजस्तै देख्नुहुन्छ । तपाईं कुन पापमा फस्नुभएको छ भनी उहाँ जान्नुहुन्छ । उहाँले तपाईंलाई सबै दुष्टता, सबै पाप र अधर्महरूबाट बचाउन सक्नुहुन्छ । प्रभु येशूको नाम पुकार गर्नुहोस् र मुक्ति पाउनुहोस् ।

क) हराएको भेड़ालाई भेट्टाएपछि गोठालाले त्यसलाई के गरचो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) गोठालो कसरी फर्क्यो ? ठिक उत्तरमा चिन्ह लगाउनुहोस्

अ) थाकेर आ) रमाउँदै इ) रिसाएर

४. जब कुनै पापी मानिस आफ्नो पापबाट पछुताउँदै र दु:खितहुँदै परमेश्वरकहाँ फर्केर आउँछ, तब परमेश्वर अति नै रमाउनुहुन्छ । उहाँसित स्वर्गमा उहाँका दूतहरू पनि रमाउँछन् । अनि के हामी पनि यसैमा खुशी नहुनु ? प्रभु येशूले पापी मानिसहरूको प्रेम र वास्ता गर्नुभएको देखेर कति मानिसहरू गनगनाए र उहाँलाई पापीहरूको मित्र भन्ने नाम दिएर उहाँको खिसी गरे । हुन त प्रभु येशू पापीहरूको व्यवहार पनि मन पराउनुहुन्न नै । तर तिनीहरू पापदेखि फर्केका उहाँ चाहनुहुन्छ । एकजना पापीले पश्चात्ताप गरयो भने प्रभु येशू खुशी हुनुहुन्छ; किनभने हामीजस्तै पापीहरूलाई बचाउनको निम्ति यस संसारमा आउनुभयो ।

क) घर फर्किआएपछि गोठालाले कसलाई बोलायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) गोठालाले तिनीहरूलाई के भन्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. प्रभु येशूलाई खिसी गर्ने घमण्डी मानिसहरू आफैलाई धर्मी छौं भनी ठान्थे । उनीहरूले पश्चात्ताप गरेनन् । खालि ठग, चोर, व्यभिचार र हत्या गर्ने मानिसहरूलाई मात्रै पश्चात्ताप गर्नु आवश्यक छ भनी उनीहरू सम्भन्थे । आज पनि यस्तो विचार गर्ने मानिसहरू धेरै हुन्छन् । तर प्रभु येशूले हामीलाई यस दृष्टान्तबाट के सिकाउनुभयो भने हामी सबैलाई पश्चात्ताप गर्नु खाँचो छ, किनभने हामी सबै भेड़ाझैं एकातिर लागेका छौं । बाहिरबाट हेर्दा हामी धर्मीजस्तै देखा परे तापनि हाम्रो हृदय पापले भरिएको हुन्छ । हामी कति कपटी छौं । अरूको पाप हामीले सजिलैसँग देख्दछौं, तर आफ्नो पाप चालै पाउँदैनौं । के हाम्रो मनमा घमण्ड, रिस, डाहा, लोभ र कुविचार कति पनि छैन ? यस्ता घिनलाग्दा पापहरू तपाईंको हृदयमा छन् भने पश्चात्ताप गर्ने समय अहिले नै हो ।

कुन कारणले स्वर्गमा ठूलो आनन्द हुन्छ ? ठीकमा चिन्ह लगाउनुहोस् ।

अ) एउटा पापीले आफ्नो पापदेखि पश्चात्ताप गरेकोले कि

आ) उनान्सय धर्मीहरको कारणले जसलाई पश्चात्ताप गर्नु खाँचो पर्दैन ।

६. यूहन्ना १०:११ पद पढ्नुहोस् र तलको प्रश्नको उत्तर लेख्नुहोस् ।

क) प्रभु येशूले आफ्नो विषयमा के दाबी गर्नुभएको छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) उहाँ किन असल गोठाला हुनुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# पाठ ६

## हराएको सिक्काको उखान

यस पाठमा एउटी स्त्रीले दस सिक्कामा एउटा हराएकी छ । यस चाँदीको सिक्कको नाम ड्राख्मा थियो । त्यस बेला इस्राएल देशमा 'ड्राख्मा' भनिने ग्रीकको रूपियाँ चल्थ्यो, साथै रोमी सरकारको रूपिया पनि, जसलाई 'दिनार' भनिन्थ्यो । एक ड्राख्मा एक दिनारको बराबर थियो । एक दिनको ज्याला वा रोमी सरकारलाई तिर्नुपर्ने करको दाम एक ड्राख्मा थियो । दुलाहीका बुबाआमाले दुलाहीलाई दिएर पठाउने दाइजो दस ड्राख्मा थियो । यो दाइजो पूरा नभएसम्म कुनै स्त्रीले विवाह गर्न पाउँदैनथ्यो । यो दाइजो स्त्रीहरू सधैं जोहो गर्थे अथवा यसको माला बनाएर त्यसलाई गलामा लाउँथे । यो दृष्टान्त पढ्दा हामीले धेरै ध्यान दिनुपर्छ । तब मात्र यसको पूरा अर्थ हामी बुझ्नेछौं ।

१. यो हराएको सिक्का त्यस स्त्रीको निम्ति अति मूल्यवान थियो । यसैले उसले त्यसलाई नभेट्टाएसम्म मेहनत गरी खोजी । हामी मानिसहरू पनि परमेश्वरको दृष्टिमा धेरै मूल्यका हुन्छौं, किनभने हामी हरेकभित्र अविनाशी आत्माछ । हामीमध्ये कोही पनि नाश नहोस्, तर प्रत्येकले अनन्त जीवन पाओस् भन्ने इच्छा राखेर प्रभु येशूले हाम्रो खोजी गर्दै हुनुहुन्छ ।

क) कति सिक्का अर्थात् ड्राख्मा त्यस स्त्रीसित थियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) यीमध्ये त्यस स्त्रीले कति हराई ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. कुनै चिज हराउन कति सजिलो छ । एकै क्षणमा, होश नराखेको बेलामा स्वाट्टै त्यो जान्छ । तर त्यो चिज फेरि पाउनको निम्ति कति परिश्रम चाहिन्छ । हामी मानिसहरू पनि एकै क्षणमा, पाप गर्ने बेलामा परमेश्वरको निम्ति हरायौं । अब हामीलाई पापबाट बचाउन र परमेश्वरकहाँ फिर्ता ल्याउन उहाँलाई कति कठीन पर्छ । प्रभु येशूले हाम्रो निम्ति क्रूसमा आफ्नो निर्दोस रगत बगाउनुभयो । अनि तपाईंको र मेरो आत्मा नबचाएसम्म प्रभु येशूले हामीलाई खोज्न आज परिश्रम गर्दै हुनुहुन्छ; किनभने हाम्रो निम्ति क्रूसमा सहेको दु:खको इनाम सम्झी उहाँले हामीलाई बचाएर आफ्नो जयको माला बनाउनुहुनेछ । तब हामी उहाँको आनन्दको कारण बन्नेछौं ।

क) हराएको सिक्का भेट्टाउनको निम्ति त्यस स्त्रीले के के गरी ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)

आ)

इ)

ख) हराएको सिक्का भेट्टाएपछि त्यस स्त्रीले के गरी ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) एकजना पापी मानिसले पश्चात्ताप गरेमा कहाँ आनन्द हुनेछ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३. हराएको भेड़ा भेट्टाउने गोठाला खुबै रमायो । हराएको सिक्का भेट्टाउने स्त्री खूबै रमाई । हाम्रो हराएको आत्मालाई प्रभु येशूले बचाउन पाउनुहुँदा खूबै रमाउनुहुन्छ । पापले गर्दा परमेश्वरदेखि टाढ़ोमा पुगेर तपाईंले अमूल्य कुरा अर्थात् सत्य परमेश्वरलाई गुमाउनुभएजस्तै तपाईंलाई लाग्दैन होला । तर परमेश्वरको निम्ति एउटा मानिसको मोल पनि ज्यादा छ । उहाँ एउटै आत्मालाई पनि गुमाउन चाहनुहुन्न । यसैले आजसम्म तपाईंको आत्माको फ्रिकी गर्दै तपाईंको खोजी गर्दै हुनुहुन्छ । तब के उहाँको ठूलो प्रेम र चाहना बुझी हामी पापदेखि पश्चात्ताप गरेर उहाँकहाँ नफर्कौं ?

परमेश्वर कहिले खुशी हुनुहुन्छ ? ठिक उत्तरमा चिन्ह लगाउनुहोस् ।

अ) पापी मानिसले पश्चात्ताप नगरेमा परमेश्वर खुशी हुनुहुन्छ ।

आ) एकजना पापी मानिसको आफ्नो पापदेखि पश्चात्ताप गरयो भने परमेश्वर खुशी हुनुहुन्छ ।

इ) धेरै मानिसहरूले पश्चात्ताप गरे भने तब मात्र परमेश्वर खुशी हुनुहुन्छ । लूका १९:१० पढ्नुहोस् र कण्ठस्थ गरी तल लेख्नुहोस् ।

# पाठ ७

## हराएको छोराको उखान

अघिका दुईटा पाठहरूमा मुक्तिदाता प्रभु येशूले हामी हराएकाहरूलाई कसरी खोज्दै हुनुहुन्छ भन्ने शिक्षा पायौं । गोठालाले आफ्नो हराएको भेड़ालाई र एउटी स्त्रीले आफ्नो हराएको चाँदीको रूपियाँ खोजे झैं उहाँ हाम्रो खोजी गर्नुहुन्छ । तपाईंलाई पनि प्यारो सम्झी प्रभु येशूले तपाईंलाई बचाउन चाहनुहुन्छ । यसमा तपाईंको भाग पनि छ । अब हामी तेस्रो दृष्टान्तमा आइपर्यौं । हराएको छोराको उखानबाट प्रभु येशूले हामीलाई मुक्ति पाउने सम्बन्धमा हाम्रो जिम्मेवारी के हो, सो बताउनुहुन्छ । जसरी हराएको छोरो आफ्नो बाबुकहाँ फर्किगयो, त्यसरी नै हामी पनि पापदेखि पश्चात्ताप गरी परमेश्वरकहाँ फर्किनुपर्छ ।

१. यस उखानमा दुईटा छोरा भएको बुबा हामी देख्दछौं । उनी धनी थिए । उनका प्रशस्त जग्गाजमिन र नोकरचाकरहरू थिए । उनी दयालु थिए, र आफ्नो घर राम्ररी सन्चालन गर्थे । यस्तो सुखी परिवारमा हुर्किएको कान्छो छोरा बुबाको अधीनतामा बस्न चाहेन । ऊ आफ्ना खुट्टामा उभिएर मनपर्दो जीवन बिताउने इच्छा गरयो । स्वर्गमा हामीलाई प्रेम गर्नुहुने परमेश्वर पिता हुनुहुन्छ । उहाँको आधीनमा नबसेर उहाँदेखि टाढ़ोमा रहन चाहने छोराछोरीहरूजस्तै हामी हौं ।

क) आफ्नो बुबाबाट कान्छो छोराले के माग्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तब बुबाले आफ्ना छोराहरूलाई के गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) थोरै दिनमा कान्छा छोराले के गरयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२. आफ्नो बुबाको प्रभावदेखि टाढ़ो रहने छोरो बिग्रियो । मोजमज्जामा ऊ आफ्नो धन उड़ायो; नराम्रो सँगतमा ऊ जुवा खेल्दै र मद्यपान गर्दै व्यभिचारमा फस्यो । यसरी उसले सबै सम्पत्ति सिद्धयायो । आफ्ना खुट्टामा उभिन चाहने कान्छा छोराचाहिँ कुमार्गमा लागेर पापको दास बन्यो । के यो हामी सबैको अवस्था होइन र ? परमेश्वरदेखि टाढ़ोमा रहनेहरू सबैको भाग यही हो । दुष्ट पापहरू गर्नुबाहेक हामीले अरू के गरेका छौं ।

क) त्यसले आफ्नो सम्पत्ति कसरी उड़ायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यसको सबै धन खतम हुने समयमा त्यस देशमा कस्तो अपत्ति आइलाग्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) त्यतिखेर त्यसलाई कस्तो अनुभव भयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

भोकले गर्दा कान्छा छोरा अब जेपनि काम गर्न तयार भयो । यहूदी-समाजमा सुङ्गुर अशुद्ध मान्निथ्यो; यस्तो घरानाका भए पनि उसले सुङ्गुर चराउने काम गरयो । घिनलाग्दो काम गरेर पनि उसले आफ्नो भोक मेटाउन पाएन । बिचरा, सुङ्गुरले खाने चारो खान पुग्यो, कान्छो छोराले ! पापको भोगविलासले हाम्रो हृदय कहिल्यै तृप्त पार्न सक्दै सक्दैन । यस बाटोमा लागेर धेरै मानिसहरूले घिनलाग्दा र शर्मलाग्दा काम गरे । परमेश्वरले मात्र हाम्रो सबै खाँचो पूरा गर्न सक्नुहुन्छ । मानिसले यो कहिले बुझ्ला ? यस्तो दयनीय स्थितिमा पुगेर हो कि ?

क) त्यसले कस्तो काम गरयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) भोकले गर्दा त्यसले सुङ्गुरको चारो खान चाहन्थ्यो । के कसैले त्यसलाई केही दियो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४. त्यसको होश खोल्यो भन्ने कुरा हामी पढ्दछौं । परमेश्वरकहाँ फर्कने हो भनेदेखि पहिले हाम्रो होश खोल्नुपर्छ । तब 'म हराएको, परमेश्वरदेखि टाढ़ोमा जीवन बिताउने पापी मानिस रहेछु । यसैले मैले धेरै दुःख भोग्नुपरेको छ । अब म परमेश्वरकहाँ फर्किन्छु र उहाँको सामु मेरा पापहरू मानिलिन्छु' भन्ने विचार हाम्रो मनमा जाग्छ । नम्र भएर हामी आफ्नो मूर्खता स्वीकार गर्दै परमेश्वरको ठूलो दयाको सम्झना गर्छौं । हाम्रो पापी जीवनदेखि हामीलाई घिन र शर्म लाग्छ । कान्छो छोरालाई ठीक त्यस्तै भयो । आफ्नो बुबा र घर छोड्नु कस्तो मूर्खता थियो । पापको अभिलाषा पूरा गर्नको निम्ति त्यसले सारा सम्पत्ति उड़ायो, कस्तो लाज ! पापले त्यसलाई कस्तो दुःखदायी स्थितिमा ल्याइपुर्‍यायो ।

क) बुबाका नोकरहरूसित आफ्नो जीवन तुलना गर्दा त्यसले के चाल पायो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) त्यसले कहाँ जाने निर्णय गर्‍यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) त्यसले कस-कसको विरोधमा पाप गरेको कुरा सम्झ्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) त्यसले आफूलाई के हुन अयोग्य ठान्यो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ङ) नम्र भएर त्यो कस्तो स्तरमा बस्न तयार भयो ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५. कान्छो छोराप्रति बुबाले कहिल्यै प्रेम मारेका थिएनन् । छोराको कुव्यवहार देखेर उनी दुःखित भए । तर कान्छो छोरो घर फर्केको उनी चाहन्थे र सधैं उसको बाटो हेर्दथे । पाप गरेर हामी परमेश्वरको पवित्र प्रेमले भरिएको हृदयमा चोट पुर्‍याउँछौं । तर जब हामी नम्र भएर उहाँकहाँ फर्कन्छौं र उहाँको सामु

हाम्रो पाप मानिलिन्छौ, तब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ । यसरी नै उहाँसँग हाम्रो सम्बन्ध ठीक हुन जान्छ ।

क) छोराको बाटो हेर्ने बुबाले कान्छा छोरालाई कसरी स्वागत गरे ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) तब बुबाको अपार प्रेम देख्ने कान्छा छोराले बुबालाई के भन्यौ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

६. कान्छा छोरालाई ग्रहण गरेकोमा बुबाको प्रेम सीमित थिएन । तर छोराको पापी जीवनको कलङ्क ढाक्ने सफा लुगा, साथै नोकर होइन, तर तिमी मेरा प्रिय छोरा हौ भन्ने कुरा देखाउने चिन्हको लागि हातमा औंठी र खुट्टामा जुत्ता लगाइदिए । हाम्रो बीचमा अब मिलाप छ र सम्बन्ध ठीक भएको छ भन्ने कुरा प्रेम-भोज खुवाएर र आनन्द मनाएर बुबाले पश्चात्तापी छोरालाई र घरका सबैलाई देखाए । परमेश्वरकहाँ फर्किने मानिसले पनि यही अनुभव गर्छ उहाँले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ र हामीलाई आफ्नो धार्मिकताको वस्त्रले ढाक्नुहुन्छ । उहाँले हामीलाई परमेश्वरको सन्तान हुने हक दिनुहुन्छ र हाम्रो हृदयमा पवित्र आत्माको छाप लगाउनुहुन्छ । प्रभु येशूमाथि विश्वास राखेर मेलमिलाप पाएकाले परमेश्वरसित हाम्रो मीठो, व्यक्तिगत सँगति हुन्छ । उहाँ कति कृपालु हुनुहुन्छ, हाम्रो परमेश्वर पिता !

क) आफ्नो प्रेमको चिन्हको रूपमा बुबाले छोरालाई कुन-कुन प्रमाण दिए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

अ)......................................आ) ......................................

इ).......................................ई) ......................................

७. अचम्मको परिवर्तन ! जब एकजना पश्चात्तापी मानिस सत्य परमेश्वरकहाँ फर्किन्छ, तब ठूलो आनन्द हुन्छ; किनभने मरेको आत्मा बाँच्यो, हराएको छोरो फेरि पाइयो । के तपाईंको जीवनमा यस्तो अचम्मको परिवर्तन भइसकेको छ ? के परमेश्वरले तपाईंको बारेमा यस्तो गवाही दिन सक्नुहुन्छ ?

क) आनन्द मनाउने कारण बुबाले के बताए ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

८. यशैया ५५:७ पदमा क्षमा हामीले कसरी पाउँछौं, सो कुरा स्पष्ट रूपमा लेखिएको छ । त्यहाँबाट तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।

क) दुष्टले के छोड्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ख) अधर्मीले के छोड्नुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

ग) कसकहाँ फर्किनुपर्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

घ) परमेश्वरले कस्तोलाई के-के प्रतिज्ञा गर्नुहुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)
अ)
आ)

९. हराएको भेड़ा, हराएको सिक्क र हराएको छोराको दृष्टन्तबाट प्रभु येशूले हामीलाई खास गरी एउटै कुरा सिकाउनुभयो । परमेश्वर पापीहरूलाई पश्चात्ताप गर्नको निम्ति बोलाउँदै हुनुहुन्छ । पापदेखि उहाँकहाँ फर्किने हरेक मानिससित परमेश्वर खुशी हुनुहुन्छ । प्रभु येशूले हामीलाई खोज्दै हुनुहुन्छ र हामीलाई पापबाट मुक्ति दिन चाहनुहुन्छ, तर के हामी पश्चात्ताप गर्न तयार छौं ?
क) प्रेरित ३:१९ - पश्चात्ताप गरचौं भने हाम्रा पाप के हुन्छ ?(आफ्नो जवाफ तल टाइप गर्नुहोला)